घोराही उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्सः
०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बरुण यन्त्रः०८२-५६०४९९
www. ghorahimun.gov.np


मितिः-२०७९/११/०४

प. सं.०७९/०८०

च. नं. ९५८६

विषय :- हजको दरखास्त फाराम र सूचना सम्बन्धमा ।

श्री जो जससंग सम्बन्धित छ।

उपर्युक्त सम्वन्धमा जिल्ला प्रशासन कार्यालय, घोराही दाङको मिति २०७९/११/०४ चलानी नं. ४२२१को पत्रानुसार वि.सं. २०८० साल (सन् २०२३) मा साउदी अरबको मक्कामा हज गर्न जाने इच्छुक इस्लाम धर्मावलम्बी यात्रुले भर्ने दरखास्त फाराम र सूचना सम्बन्धित धर्मावलम्बीहरुको जानकारीका लागि यसैसाथ राखी यो सूचना प्रकाशन गरिएको छ।

०७९/११/०४
भीम बहादुर चौधरी
तथ्याङ्क अधिकृत

बोधार्थः

श्री वडा कार्यालय (सबै), घोराही उपमहानगरपालिका, दाङ, तहाँ वडामा बस्नुहुने सम्बन्धित धर्मावलम्बीहरुलाई जानकारी गराई दिनुहुन आदेशानुसार अनुरोध छ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
घोराही, दाङ

कार्यालयः०८२-५६०१३३
☎ ०८२-५६००२८
०८२-५६०४६६
आवासः ०८२-५६००२९

पत्र संख्याः२०७९/०८०
चलानी नम्बरः ४२२१

मितिः२०७९।११।०४

विषयः हजको दरखास्त फारम र सूचना सम्बन्धमा।

घोराही उप-महानगरपालिका
दाङ
दर्ता नं. ६०५३
मिति ११।१४

श्री स्थानीय तह सबै, दाङ।

प्रस्तुत विषयमा वि.सं. २०८० साल (सन् २०२३) मा साउदी अरबको मक्कामा इस्लाम धर्मावलम्वीहरुले हज गर्न जाने इच्छुक यात्रुले भर्ने दरखास्त फारम र सूचना यसैसाथ संलग्न राखि पठाईएको छ। तहाँ पालिका अन्तर्गत इस्लाम धर्मावलम्वीहरुलाई दरखास्त फारम र सुचना सम्बन्धी जानकारी गराईदिनुहुन अनुरोध छ।

चन्द्रबहादुर के.सी
प्रशासकीय अधिकृत

Email: cdoofficedang@gmail.com

नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समिति

सिंहदरबार, काठमाडौं

## सन् २०२३ को हज यात्राको लागि सूचना ।

प्रकाशित मिति : २०७९ फागुन ०४ गते

सन् २०२३ (हज १४४४) का लागि नेपालबाट १२०० जना इस्लाम धर्मावलम्वीहरूले हज गर्न सक्ने गरी साउदी अरब सरकारबाट कोटा निर्धारण भइ आएको छ । उक्त कोटामा हज गर्न इच्छुक नेपाली मुस्लिम धर्मावलम्वीहरूले नेपाल हज समितिको सचिवालयको वेंव साइट nepalhajj.moha.gov.np मा रहेको हज आवेदन फारम Download गरी आफ्नो स्थायी ठेगाना रहेको जिल्ला प्रशासन कार्यालयमा हजको लागि पहिलो किस्ता वापत रू.२,२५,०००।- (अक्षेरुपी दुई लाख पच्चीस हजार मात्र) बुझाइ मिति २०७९ चैत्र ४ गतेभित्र निम्न कागजातहरू संलग्न राखी आवेदन गर्नको लागि यो सूचना प्रकाशन गरीएको छ ।

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकता प्रमाणपत्रको फोटोकपि - १ प्रति

२. राहदानी (MRP वा e–passport) को फोटोकपि - १ प्रति
(राहदानी वाहकको पूर्ण विवरण: नाम, ठेगाना, जन्म मिति, लिङ्ग(महिला/पुरुष) तथा कार्यालयको छाप र हस्ताक्षर ठिक भए नभएको एकिन भएको र पासपोर्टको म्याद सकिने मिति सन् २०२३ डिसेम्वर ३० भन्दा पछिसम्म कायम रहेको)

३. हज शुल्क वापत पहिलो किस्तामा राष्ट्रिय वाणिज्य बैंक सिंहदरवार शाखामा रहेको नेपाल हज समितिको चल्ती खाता नं.११३००००३९६०१ मा रू.२,२५,०००(दुई लाख पच्चिस हजार मात्र) बुझाएको सक्कल भौचर -१ प्रति

४. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (सेतो ब्याकग्राउण्डमा खिचेको) - २ प्रति

५. Covid–19 विरुद्ध पूर्ण खोप लगाएको क्यू.आर.कोड सहितको प्रमाणपत्र - १ प्रति

६. आवेदकको बैंक खाताको चेकको फोटोकपि (श्रीमान् श्रीमतीको एकै भए हुने) - १ प्रति

थप जानकारीको लागि नेपाल हज समितिको सचिवालय, सिंहदरवारको सम्पर्क फोन नं ०१-४२१११०४/७२ मा सम्पर्क गर्न सकिनेछ ।

# हजको दरखास्त फारम

(हज १४४४-तद् अनुसार सन् २०२३-को लागि)

(फारममा भएको सम्पूर्ण विवरण नछुट्ने गरी स्पष्टसँग उल्लेख गर्नुहोला)

| |
|---|
| पासपोर्ट साईजको हालसालै खिचिएको सेतो ब्याक ग्राउण्डको फोटो टाँस्नुहोला |

श्रीमान् अध्यक्षज्यू,
नेपाल हज समिति, काठमाण्डौ
मार्फत- जिल्ला प्रशासन कार्यालय,...............

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालयले भर्नेः- | | आवेदकको किसिम √ लगाउनेः ☐ नयाँ | ☐ पुरानो |
| दर्ता नं. | दर्ता मितिः | राहदानी नं. | |
| निवेदकको नामः | | भौचर रकम(रु.)माः | |

वि.सं. २०८० साल (सन् २०२३) मा साउदी अरबको मक्कामा हज गर्न जान मेरो ईच्छा भएकोले त्यस समितिबाट प्रकाशित सूचना अनुसार हाल बुझाउनुपर्ने रकम रू.२,२५,०००।- (दुई लाख पच्चीस हजार मात्र) दाखिला गरी यो देहाय वमोजिम विवरण सहित निवेदन पेश गरेको छु । बि.सं. २०७९ (सन् २०२२) र त्यस भन्दा अगाडिका वर्षहरूमा हज गर्न हज समितिमा रकम जम्मा गरी जान नपाएका व्यक्ति करिब ५०० जना रहेको जानकारी पाँए । हजयात्रामा जान छनोटमा परेमा हज समितिले थप बुझाउनु पर्ने भनी यकीन गरेको रकम सूचना प्राप्त हुनासाथ जम्मा गर्नेछु । हजयात्रीहरूको छनोट प्रक्रिया र हजयात्रा सम्बन्धमा हज समितिले गर्ने निर्णय र निर्देशनहरु प्रति मेरो मञ्जुरी हुनेछ ।

**१.यो भन्दा अगाडि हज गएको भए साल खुलाउनेः साल**

**२.निवेदकको नाम,थर (देवनागरी र अङ्ग्रेजी ठुलो अक्षरमा)**

नाम (नागरिकता प्रमाणपत्र अनुसार लेख्नुहोस्)

Name (According to Passport)

**३.नागरिकताको विवरण**

नागरिकता नं. जारी मितिः जारी जिल्लाः

**४.राहदानी विवरण**

राहदानी नं. जारी मितिः म्याद सकिने मितिः

**५.बैबाहिक स्थितिः(√) लगाउने** ( ) विवाहित ( ) अविवाहित

**६.लिङ्गः(√) लगाउने** ( ) पुरूष ( ) महिला **(१५ नं.महलमा मेहरमको विवरण भर्ने)** ( ) अन्य

**७.जन्म विवरण**

विक्रम संवतः- साल महिना गते

**८.राष्ट्रिय परिचयपत्र नं.**

**९.पेशाः**

**१०.सम्पर्क विवरणः** (क) मोवाइल नं. (ख) ई-मेलः

**११.हुलियाः**

**१२.निवेदको स्थायी ठेगानाः** प्रदेश जिल्ला न.पा./गा.पा. वडा नं.

**अस्थायी ठेगानाः** प्रदेश जिल्ला न.पा./गा.पा. वडा नं.

**१३.निवेदकको** (क) बाबुको नाम, थरः- (ख)आमाको नाम, थरः-

(ग) पति/पत्नीको नाम, थर (घ) अभिभावक/संरक्षकको नाम, थरः-

**१४.निवेदक विदेशमा रहँदा कुनै जरूरी कुरा पर्न गएमा नेपालमा खबर गर्नु पर्ने व्यक्तिः**

नाम,थरः- जिल्ला न.पा./गा.पा. वडा नं.

नाताः सम्पर्क मोवाइल/फोन नं.(अनिवार्य राख्नु होला) इमेलः

**१५.निवेदक महिला भए साथमा जाने मेहरमको नाम, थरः-**

जिल्लाः न.पा./गा.पा. वडा नं. सम्पर्क नं.

नाताः राहदानी नं.

**१६.निवेदकको बैंक खाताको विविरणः**

क) खाता रहेको बैंकको नाम र ठेगानाः

ख) खाता नं.

ग) खातामा रहेको निवेदकको नाम अङ्ग्रेजीमाः

**१७.आवेदन साथ अनिवार्य संलग्न राख्नु पर्ने आवश्यक कागजातहरूः**

क) सूचना बमोजिम पहिलो किस्ता वापत रू.२,२५,०००।- यस समितिको खातामा दाखिला गरेको बैंकको सक्कल भौचर वा पुरानो आवेदकहरूको हकमा पहिले जम्मा गरेको रकममा थप गरी रू.२,२५,०००।- पुऱ्याएको सक्कल भौचर र पुरानो भौचरको फोटोकपि

ख) राहदानीको फोटोकपि

ग) नेपाली नागरिकता प्रमाण-पत्रको अगाडि पछाडि दुवै तर्फ देखिएको फोटोकपि

घ) महिलाको हकमा मेहरमको राहदानीको फोटोकपि

ङ) हालसालै खिचेको पासपोर्ट साईजको फोटो (सेतो ब्याकग्राउण्डमा खिचेको) २ प्रति

च) Covie-19 विरूद्ध पूर्ण मात्रा लगाएको खोपको क्यू.आर.कोड सहितको प्रमाणपत्र

छ) आवेदकको बैंक खाताको चेकको फोटोकपि (श्रीमान् श्रीमतीको एकै भए हुने)

**१८. म निम्न बुँदाहरु पालना गर्न प्रतिबद्ध रहनेछु ।**

क) इस्लाम धर्म अनुसार हजयात्रा गर्न मञ्जुर गर्दछु । हजको अर्कान (नियम) र व्यवहारिक कुरा बारे सचेतना लिएको छु/लिनेछु

ख) नेपालको कानून बमोजिम फौजदारी अभियोग लागि तोकिएको/जरिवाना भुक्तान गर्न बाँकी छैन ।

ग) म हज यात्राको लागि शारीरिक एवं मानसिक रूपमा स्वस्थ भएको घोषणा गर्दछु ।

घ) म विगत ३(तीन) बर्ष भित्र हज गर्न गएको छैन ।

ङ) यात्रा सन्दर्भमा नेपालमा रहँदा हज समितिको व्यवस्थापन पालना गर्न तयार छु ।

च) नेपाल सरकार,(मा.गृहमन्त्रीस्तर) को मिति २०७८।०५।२२ को निर्णयानुसार स्वीकृत आचार संहिता पूर्ण परिपालना गर्नेछु ।

छ) नेपाल र साउदी अरब सरकारको प्रचलित नियम कानूनको परिपालन गर्नेछु ।

ज) हजयात्राको क्रममा हवाई जहाजमा आउँदा जाँदा एयरलायन्सको नियम मान्नेछु ।

झ) मक्का मदिनामा मलाई कुनै असुविधा आएमा सकेसम्म आफै समाधान गर्ने कोशिस गर्नेछु । यदि नसकेमा हज प्रतिनिधि मण्डललाई पहिले जानकारी गराउनेछु ।

ञ) हजयात्राको क्रममा मिना र अरफातमा रहँदा मोलल्लिमको व्यवस्था अनुसार चल्नेछु ।

ट) हजयात्राको अवधिभर कुनै असामाजिक र अमर्यादित क्रियाकलाप गर्ने छैन यदि गरेमा नेपाल हज समितिले गरेको निर्णय मान्न तयार छु।

**१९.माथि लेखिएको विवरण सबै साँचो हो, झुठा ठहरे कानून बमोजिम सहुँला बुझाँउला भनि सहिछाप गर्नेः**

| **औंठा छाप** | |
|---|---|
| **दायाँ** | **बाँया** |

**मितिः ......... ......  ......**

**निवेदकको**

नाम,थरः

हस्ताक्षरः

ठेगानाः

व्यक्तिको सम्पर्क नं.

परिवारको सम्पर्क नं.

**नोटः**

१.हजयात्राको फर्म बुझाउने अन्तिम मिति २०७९ चैत्र ०४ गते सम्म रहेको छ ।

२.सन् २०२२ र सो भन्दा अगाडिका वर्षहरूमा हज गर्नका लागि आवेदन दिएका आवेदकहरू मध्ये हजयात्रा गर्न नपाएका एवं हालसम्म रकम फिर्ता नलिएकाहरु पुराना आवेदकहरूले बि.सं. २०८०(सन् २०२३) मा हज गर्न जान चाहेमा निजले जिल्ला प्रशासन कार्यालयमा यो आवेदन फारम बुझाउनु पर्नेछ । पुनः आवेदन नदिएमा हजयात्रामा समावेश गरिने छैन ।